अन्तिम लेखापरीक्षण प्रतिवेदन

थाहा नगरपालिका, मकवानपुर

आर्थिक वर्ष २०७५।७६

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७६/७७
च.नं : ७७७

मिति: २०७७/३/२५

श्री थाहा नगरपालिका,
मकवनपुर ।

विषय: लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जूमा एबं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ । प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन । विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् । स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २७ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

(**वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय**)

पत्र संख्या: २०७६।०७७
च.नं : ८४२

श्री नगरप्रमुखज्यू,
थाहा नगरपालिका,
मकवानपुर ।

मिति: २०७७।३।२५

विषय: लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय : हामीले थाहा नगरपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ३४ लाख ४७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६५ लाख ८० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ९६ लाख ५७ हजार र पेश्की रु.६४ लाख १६ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७६।११।३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पृष्ठ २४ (चौवीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यसकन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी : वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

थाहा नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई पर्बद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गर्दै गुणस्तरीय सेवा प्रदान गरी जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक, आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । वागमती प्रदेशमा अवस्थित ४७६७१ जनसंख्या रहेको यो नगरपालिका अन्तर्गत १२ वडाबाट ६५ नगर सभा सदस्य रहेका छन् । नगरपालिकाले थाहा नगरको आधार कृषि, पर्यटन र पूर्वाधार भन्ने लक्ष्य तय गरेको छ ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

सि. नं.	आयतर्फ			सि. नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**			१	चालु खर्च	३१६२२३३७१.१	
	क) नगद			२	पूँजीगत खर्च	२६५५५५८६४१.९३	
	ख) बैंक	५५६०४००७.८८		३	वित्तिय व्यवस्था भुक्तानी	०	
२	**राजस्व (आन्तरिक आय)**				क)ऋण भुक्तानी	०	
	क) आन्तरिक राजस्व	४१६८४७७१.०३			ख) ब्याज भुक्तानी	०	
	ख) राजस्व बाँडफाँड				ग) अन्य भुक्तानी	०	
	ग) अन्य आय	९३२३९०००		४	लगानी	०	
३	**संघीय सरकारबाट प्राप्त अनुदान**				ऋण लगानी	०	
	क) वित्तिय समानीकरण अनुदान	१२१८०००००			शेयर लगानी	०	
	ख) सशर्त अनुदान	१८६७४१०००			अन्य लगानी	०	
	ग) समपूरक अनुदान	२२७१८०००		५	धरौटी फिर्ता	२७८९००५	
	घ) विशेष अनुदान	२०९४००००		६	कोष खर्च (निकासा फिर्ता)	१३८६९१७९.३	
	ङ) राजवश्व बाँडफाँड	७२७२७५२३.१२					
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**			७	मौज्दात		
	क) वित्तिय समानीकरण अनुदान	८१७८०००			क) नगद मौज्दात		
	ख) सशर्त अनुदान	२२८०००००			ख) बैंक मौज्दात	१३०२०१६४०.५९	
	ग) समपुरक अनुदान	१०००००००					
	घ) विशेष अनुदान	०					
	ङ) राजस्व बाँडफाँड	३२६१७९७०.१					
५	**अन्तर स्थानीय तहबाट प्राप्त**						
६	**वित्तिय व्यवस्था प्राप्ती**						
	क) ऋण प्राप्ती						
	ख) साँवा प्राप्ती						
	ग) ब्याज प्राप्ती						
	घ) अन्य प्राप्ती						
७	**विभिन्न कोषतर्फको आय**	१२४४६२४४					
८	**जनसुहभागिता (नगद)**						
९	विषयगत निकायबाट प्राप्त रकम						
१०	धरौटी आय	-२२१६६६४					
११	लगानीको साँवा फिर्ता						
१२	अन्य विविध आय	२७१४५३२१.७७					
	जम्मा:	**७२८६४१८३७.९०**			**जम्मा:**	**७२८६४१८३७.९०**	

दफा नं.	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
१	**फिर्ता दाखिला :** नगरपालिकाले २०७५।७६ मा निकासामध्ये बाँकी रहेका प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फको रु.१६,७५,४२२।- झोलुंगे पुल ८,५१,२४०।- र सशर्त अनुदानका रु.१,१३,४२,५१७।३० समेत जम्मा रु.१,३८,६९,१७९।३० मिति २०७६।४।२ मा फिर्ता दाखिला भएको छ ।	
२	**खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभावाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। त्यस्तै स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को योजना तर्जुमाको समय तालिका वमोजिम स्थानीय तहले २०७५।७६ को बजेट तथा कार्यक्रम कार्यपालिकाले सभामा आषाढ १० मा पेश गरी आषाढ २५ भित्र स्वीकृति हुनुपर्ने उल्लेख छ। सभाबाट २०७५।३।२५ मा बजेट स्वीकृत गरी २०७५।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो ।	
३	**स्रोत अनुमान तथा बजेट सीमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले बजेटको सीमा निर्धारण गरेपनि आयको प्रक्षेपण, सन्तुलित बितरण बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा सो भए गरेको देखिएन ।	
४	अन्तर–सरकारी वीत्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन । खासगरी स्रोत छर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोत साधनलाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लाभलागत विश्लेषण गरी लागत प्रभावकारी बनाउन मध्यकालीन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ ।	
५	**बैंक मौज्दात हिसाब :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ मा सञ्चित कोषको हिसाव अद्यावधिक राख्नुपर्ने व्यवस्था छ । नगरकार्यपालिकाको बैंक स्टेटमेन्ट अनुसार २०७६ आषाढ अन्तिमको बैंक मौज्दात रु.१६,९३,४६,७३६।८९ देखिन्छ । नगरपालिकाले एकीकृत आर्थिक विवरणमा यथार्थ मौज्दात चेक साटि सकेपछिको फिर्ता दाखिला गरिसकेपछिको मौज्दात रु.१३,०२,०१,६४०।६० देखाएको छ । नगरपालिकाले देखाएको मौज्दात र आषाढ मसान्तको मौज्दातबीच रु.३,९१,४५,०९६।२९ फरक देखिन्छ। नगरपालिकाबाट चेक साट्न बाँकीको विवरण र रकम पेश हुन आएन । नगरपालिकाले बैंक हिसाब विवरण तयार नगरेकोले फरक पर्नाको कारण पहिचान गरी हिसाब फरक परेको रकम रु.३,९१,४५,०९६।२९ बाट खर्च भएको कटाई बाँकी रकम आम्दानी जनाउनुपर्ने देखिन्छ ।	
६	**लेखाङ्कन तथा प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा पालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको बर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ७६(२) मा पालिकाले कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। पालिकाले NEPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । नियमानुसारको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।	

	लेखा स्रेस्ता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा नगरपालिकाको कारोबार आय-व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको बर्गीकरण तोकिए बमोजिम हुने व्यवस्था रहेको छ । नगरपालिकाले यो वर्ष लेखा सफ्टवेयरको प्रयोग गरेको छैन । नगरपालिकाले २०७५।७६ को आय-व्ययको बर्गीकरण नगरेको, आर्थिक विवरण र मास्केवारी विवरणमा रकमगत बर्गीकरण नगर्दा कुन शीर्षकमा कति रकम खर्च भयो भनी रकमगत बर्गीकरणको यर्थाथता पाइएन । नगरपालिकाले तोकिएको ढाँचामा आर्थिक विवरणहरू र तोकिएका म.ले.प. फारामहरू तयार गरी आम्दानी खर्चको यथार्थता प्रस्तुत गर्ने गरी अभिलेख राख्नुपर्दछ ।	
७	**सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ६९ मा स्थानीय सञ्चित कोष सम्बन्धी व्यवस्था रहेको छ । प्रत्येक नगरपालिकाको एउटा स्थानीय सञ्चित कोष रहने र कोषमा आउने सबै रकम जम्मा गरी कानूनबमोजिम खर्च गरिने उल्लेख छ । नगरपालिकाले आन्तरीक आय वित्तीय समानिकरण अनुदान, प्रदेश समानिकरण अनुदान विषयगत सशर्त अनुदान लगायतको आम्दानीको गोश्वारा भौचर तयार गर्ने खर्च ट्रान्सफर गर्ने र बैंक नगदी किताबमा अभिलेख राख्ने गरेको पाइएन । त्यस्तै आर्थिक वर्षको अन्त्यमा बचत रहेको रकम समेत ऐनको दफा ७५ अनुसार स्वतः ट्रान्सफर गरेको पाइएन । सञ्चित कोषको लेखा नराखेकोले आम्दानी खर्चको यथार्थ स्थिति यकिन हुन सकेन । तोकिएबमोजिम सञ्चित कोषको हिसाब अद्यावधिक गरिनु पर्दछ । सञ्चित कोषको गोश्वारा भौचर तयार गर्ने, बैंक नगदी किताबमा अभिलेख राख्ने र बैंक रिकन्सिलेशन गर्ने कार्य नगरेकोले सञ्चित कोषको हिसाब यकिन हुने अवस्था देखिएन । गत बर्षको लेखापरीक्षणमा समेत औल्याएकोमा यसतर्फ सुधार भएको छैन	
८	**राजस्व अभिलेख :** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा वागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(भ) मा वित्तीय विवरण सम्बन्धी व्यवस्था छ । नगरपालिकाले यस बर्ष रु.२ करोड ८० लाख ५० हजार आन्तरिक स्रोतबाट आय गर्ने अनुमान गरेकोमा रु.४ करोड १६ लाख ८४ हजार देखिएको छ । सो राजस्व सङ्कलन सफ्टवेयर मार्फत आम्दानी देखाएकोमा राजस्व आम्दानीको, बैंक दाखिला भौचरका आधारमा म.ले.प.फा.नं. १०८ राजस्व आम्दानीको दैनिक गोश्वारा खाता र म.ले.प.फा.नं. २३ को राजस्व आम्दानी बैंक नगदी किताब लेखाङ्कन गर्नुपर्नेमा सो गरेको पाइएन ।	
९	**विभाज्य कोष :** प्रदेश आर्थिक ऐन, २०७५ मा मनोरञ्जन, विज्ञापन, रोयल्टीको बाँडफाड तोकिएबमोजिम हुने व्यवस्था छ । नगरपालिकाले विभाज्य कोषमा जाने कूल आम्दानी रु.२,३२,४२,२८१।- (मू.अ.कर समेत) र मू.अ.कर बाहेक रु.२,०५,६८,३९०।- मा प्रदेशमा जानुपर्ने रकम २०७६।८।२२ मा रु.८१,८६,२१९।- दाखिला भएको देखिन्छ । सोमध्ये मू.अ.कर रु.२६,७३,८९१।- र नगरपालिका कोषमा रु.१,२२,७९,३२९।- गएको देखिन्छ । जिल्ला समन्वय समितिमा जानुपर्ने देखाएको (०.५%ले) रु.१,०२,८४२।- लेखापरीक्षण अवधिसम्म पनि बाँकी नै रहेकोले दाखिला गर्नुपर्ने रु. ---	१०२८४२.००
१०	**राजस्व परामर्श समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजस्व सम्बन्धी परामर्शको लागि एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था छ । उक्त समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत राजस्व सम्वन्धी कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने, राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्ने लगायतका कार्यहरू तोकिएको छ । राजस्व परामर्श समितिको बैठक २०७५।७६ मा ८ पटकसम्म बसे तापनि राजस्वका दर तोक्ने बाहेक अन्य कार्य गरेको नदेखिएकोले कानूनी व्यवस्था अनुसारका कार्यमा समिति सक्रिय हुनुपर्दछ ।	
११	**अवण्डा रकम** : नगरपालिकाले पूँजीगत खर्चको २०७५।७६ को बजेट मा बाँडफाड नगरी अवण्डा राखि पटके निर्णयले खर्च गरेको देखिन्छ । नगरपालिकाले बजेट बाडफाँडमा कार्यक्रम नै उल्लेख गरी बजेट छुट्याउनु पर्नेमा अवण्डा राखी खर्च लेखेको पाइयो । यस्तो	

प्रकृयामा सुधार हुनपर्दछ ।

कार्यक्रमको नाम	रकम (रु हजारमा)
म्याचिङ्ग फण्ड	१५०००
जगेडा कोष	५०००
अन्य	५०००

१२ **कार्यक्रम परिवर्तन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप-नियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । नगरकार्यपालिकाले निम्नानुसार बजेट तथा कार्यक्रम संशोधन गरी रकम खर्च गरेको पाइयो :

सि.नं.	मौजुदा कार्यक्रम	रकम (रु हजारमा)	परिवर्तित कार्यक्रम	रकम (रु हजारमा)
१	म्याचिङ्ग फण्ड	१५०००	म्याचिङ्ग फण्ड	११०००
२	जगेडा कोष	५०००	जगेडा कोष	२०००
३	प्रवर्द्धनात्मक कार्यक्रम	३५८५०	प्रबर्द्धनात्मक कार्यक्रम	८३५४०
४	लागत सहभागित कार्यक्रम	४५३	लागत सहभागित कार्यक्रम	७४५३
५	गैर सरकारी साझेदारी कार्यक्रम	११५०	गैर सरकारी साझेदारी कार्यक्रम	६५०

१३ **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई सबै नगरपालिकाहरूले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले प्रयोग गरेको पाइएन ।

१४ **लक्ष्य तथा प्रगति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार यस वर्ष सञ्चालित कुल १८९ योजनाहरूमध्ये १ लाखभन्दा कममा ४७ योजना १-५ लाखसम्मका ८८ योजना, ५-१० लाखसम्मका २० योजना र १० लाखदेखि ५० लाखसम्मका २१ र ५० लाखभन्दा माथिका १३ योजना सञ्चालन भएकोमा ९९ योजना क्रमागत रहेको पाइयो । लक्ष्य अनुसार प्रगति हुन नसक्दा योजना समयमा नै सम्पन्न हुन नसक्ने अवस्था रहेको छ । नगरपालिकाले क्रियाकलापगत रकम र परिमाण खुल्ने गरी एकीकृत रूपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सोको विश्लेषण गर्न सकिएन । पेश भएको विवरण बमोजिम सञ्चालित कार्यक्रममध्ये क्रमागत योजना १८९ रहेका छन । अतः स्वीकृत कार्यक्रम बमोजिम योजना सञ्चालनको योजनागत खर्च विवरण सहित प्रगति प्रतिवेदन तयार गरिनु पर्दछ ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली :** बागमती प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन जसबाट कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्बन्धी अन्य व्यहोराहरू देहाय बमोजिम उल्लेख छ :

- प्रत्येक कर्मचारीको पदको कार्यविवरण बनाई लागू नगरेको,
- जिन्सी निरीक्षण प्रतिवेदन बमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा

सोको कार्यान्वयन नभएको,

- योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्यसम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको,
- रु.२० हजार रुपैयाँभन्दा बढी मूल्यका, मूल्य अभिवृद्धि कर लाग्ने मालसामान खरीद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरीद गर्नुपर्नेमा नगरेको,
- भ्रमण अभिलेख खाता नराखेको,
- भ्रमणमा खटिने कर्मचारीहरूबाट भ्रमण प्रतिवेदन लिने नगरेको,
- एकै योजनामा उपभोक्ता समितिबाट र ठेक्का व्यवस्था गरेर कार्य हुने गरेको,
- कन्टिन्जेन्सी खाता अद्यावधिक गरी राख्ने नगरेको,
- समयमा पेश्की फछ्र्यौटका लागि बिल भरपाई पेश गर्ने नगरेको,
- सार्वजनिक निकायले हरेक खरीद कारबाहीको निम्ति छुट्टै फाइल खडा गरी सम्बन्धित कागजात व्यवस्थित गरी राख्नुपर्नेमा ठेक्का फाइल व्यवस्थित नभएको,
- वार्षिक खरीद योजना बनाई कार्यान्वयन गर्नुपर्नेमा सोको पालना हुन सकेको देखिएन,
- बैंक हिसाब मिलान विवरण तयार गरेको छैन,
- सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसँग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिकरुपमा मात्र गरेको,
- सञ्चालित सबै कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी सोको नियमित प्रतिवेदन तयार गर्ने गरेको छैन ,
- कार्यालयले भुक्तानी भएका सबै रसिद बिल भरपाईमा सिलसिलेवार नम्बर राखी भुक्तानी भएको छाप लगाई प्रमाणित गरी राख्नुपर्नेमा सो अनुसार भएको पाइएन,
- हेभी मेशिनको प्रयोगमा भाडादर निर्धारणमा एकरुपता नदेखिएको ,
- जिन्सी खाता प्रमाणित नभएको,
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी दिएको पाइएन,
- उपभोक्ता समितिले रनिङ विल र नापी किताबमा छाप लगााई प्रमाणित नगरेको ।

आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

१६ **सेवा प्रवाह :** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार २०७५।७६ मा नगरपालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ :

सि.नं.	विवरण	सेवा प्राप्तीका लागि निवेदन संख्या
१	विवाह दर्ता	८९८
२	जन्म दर्ता	१८६०
३	मृत्यु दता	७९०
४	बसाईसराई (आएको)	२६
	बसाईसराई (गएको)	५३
५	सम्वन्ध विच्छेद	८
जम्मा		**३६३५**

१७ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था गरेको छ । नगरपालिकामा गठन भएको न्यायिक समितिले वार्षिक रुपमा प्रवाह गरेको सेवाको विवरण निम्नानुसार रहेको छ :

अ.ल्या	यस वर्ष थप मुद्दा	जम्मा मुद्दा	फछ्यौट संख्या	वाह्य प्रेषित मुद्दा	खारेजी	बाँकी
७	६३	७०	४९	१	२	१८

१८	**नक्सा पास :** लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार नगरपालिकाबाट यस बर्ष नक्सा पासका लागि निवेदन ६७७ प्राप्त भएकोमा ५४१ लाई अनुमती प्राप्त भएको देखिन्छ ।	
१९	**योजना र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकामा यस बर्ष रु.४८ करोड ६० लाख योजना सञ्चालनका लागि बजेट व्यवस्था भएकोमा रु.४० करोड २६ लाख खर्च भएको देखिन्छ । सञ्चालित विभिन्न कुल १८९ योजनाहरूमध्ये रु.१ लाखभन्दा कममा ४७ योजना १-५ लाखसम्मका ८८ योजना, ५-१० लाखसम्मका २० योजना र १० लाखदेखि ५० लाखसम्मका २१ र ५० लाखभन्दा माथिका १३ योजना सञ्चालन भएकोमा ९९ योजना क्रमागत रहेको पाइयो । पालिकाले साना तथा टुक्रे योजना धेरै सञ्चालन गरेको, मध्यम तथा दीर्घकालीन योजना छनौट तथा प्राथमिकीकरण नगरेको र अधिकांश कच्ची बाटोमा रकम खर्च गरेकोले सडकको संरचना तथा स्तरोन्नतीमा ध्यान दिएको पाइएन । पालिकाले मध्यम तथा दीर्घकालीन योजना छनौट तथा प्राथमिकीकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनुपर्दछ ।	
२०	**तलवी प्रतिबेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउन हुदैन । कार्यालयबाट तलबी प्रतिवेदन पारित नगरी तलव रु.१,९६,९६,६४३।- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्ने व्यवस्था हुनपर्दछ ।	
२१	**कर्मचारी व्यवस्था** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा संगठन र दरवन्दी सम्बन्धी व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६२ रहेपनि ५१ जनामात्र पदपूर्ति रहेको देखियो । विभिन्न ११ पद रिक्त रहेका छन । जनशक्तिको अभावमा नगरपालिकाको कार्यसम्पादन र सेवा प्रवाहमा समेत असर पर्ने हुँदा दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ ।	
२१.१	**फरक शीर्षकबाट खर्च** : अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७३ को बूँदा नं. ३.३.२ खर्च शीर्षकको बर्गीकरण र व्याख्या बमोजिम खर्च शीर्षकमा खर्च लेख्नुपर्दछ । करार कर्मचारीहरुको पारिश्रमिक अन्य सेवाबाट खर्च लेख्नुपर्नेमा तलब शीर्षकबाट ३५ कर्मचारीको रु.८१,०१,९१२।- खर्च लेखेको छ । शीर्षक फरक पारी लेखेको नियमित नदेखिएको रु. ----	८१०१९१२.००
२२	**प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ को उपदफा ५ मा नगरपालिका तथा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोगमा पठाउनु पर्ने छ । यस नगरपालिकाले ऐनमा उल्लेख गरे अनुसार आय-व्ययको चौमासिक शिर्षकगत विवरण तोकिएको निकायमा पठाएको छैन ।	
२३	**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्कीएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले आ.ले.प शाखा गठन गरेको छैन ।	

आ.व २०७५।७६ को कारोबारको को.ले.नि.का.बाट आन्तरिक लेखा परीक्षण गराएको छ ।

२४ **निकासा बाँकी :** नगरपालिकाको निम्नानुसारको शीर्षकमा निकासा आई खर्च भएकोमध्ये बाँकी रकम नगरपालिका सञ्चित कोषमा देखिन्छ । सो रकमको निकासा फिर्ता हुनुपर्ने भए फिर्ता गरेको प्रमाण र फिर्ता नहुने भए सोको आधार पेश हुनुपर्ने रु. --- १०५२५६९.००

मन्त्रालयको नाम	**कार्यक्रम**	**बाँकी रकम**	**कैफियत**
कृषि तथा पशु पन्छी विकास मन्त्रालय	सहकारी बजार विकास	८२५६९.००	बजेट निकासा पत्र एवं अख्तियारी पेश नभएको
युवा तथा खेलकूद मन्त्रालय	खेलकूद	९७००००.००	बजेट निकासा पत्र एवं अख्तियारी पेश नभएको

२५ यो बर्ष वित्तिय समानीकरणतर्फ रु.१२,१८,००,०००।- बजेट स्वीकृत भएकोमा निम्नानुसार खर्च भएको देखिन्छ :

चौमासिक		खर्च	खर्च प्रतिशत
प्रथम चौमासिक अवधि		५१३४३५५	५.३०
दोस्रो चौमासिक अवधि		३४२०३३६६	३५.३४
तेस्रो चौमासिक अवधि		५७४३६४९३.०४	५९.३५
जम्मा:		९६७७४२१४.०४	१००
आषाढ महिना :		३८७५५७६४.९६	४०.०४

उपरोक्त अनुसार कूल बजेटको ७९.४३ प्रतिशत मात्र खर्च भएको र आषाढ महिनामा मात्र ४०.४ प्रतिशत खर्च भएको देखिन्छ । तेस्रो चौमासिक र आर्थिक बर्षको अन्त्यमा मात्र खर्च चाप परेको र बर्षाको समयमा हुने कामको गुणस्तरमा समेत असर पर्ने भएकोले बर्ष अघि नै कार्य हुने गरी सम्झौता गरिनुपर्दछ ।

२६ **समपूरक अनुदान :** नगरपालिकालाई समपूरक अनुदान रु.१ करोड प्राप्त भएकोमा २०७५।७६ मा थाहा पार्क निर्माणका लागि ठेक्का लगाएकोमा कुनै पनि भुक्तानी नभई लेखापरीक्षण मितिसम्म पनि सो रकम नगरपालिकाको सञ्चित कोषमा रहिरहेको छ ।

२७ **लक्षित समूह खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं १२(७) अनुसार लक्षित समूहको कार्यक्रम लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्नुपर्दछ । कुनैपनि प्रकारका वितरणमूखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीमा खर्च गर्न नपाइने व्यवस्था हुनुपर्नेमा नगरपालिकाले लक्षित वर्गका लागि विनियोजन गरेको बजेटबाट पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा खर्च नगरी वितरणमुखी कार्यक्रममा खर्च गरेको पाईयो । लक्षित समूहको पूँजी निर्माण, क्षमता विकास जस्ता कार्यक्रममा खर्च गर्नुपर्नेमा वितरणमूखी कार्यक्रम सञ्चालन भएकोले बजेट सिद्धान्त विपरीत खर्च भएको छ । रकम खर्च गर्दा पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रममा मात्र खर्च गर्नुपर्दछ। केही उदाहरणहरुः

सि.नं.	**विवरण**	**खर्च प्रकृति**	**रकम**
१.	बालबालिका लक्षित	अन्तर विद्यालय मेयर कप भलिवल तथा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता	१८००००.००
२.	दलित लक्षित कार्यक्रम	कुसन तथा कोट सिलाई तथा दलित अगुवा प्रशिक्षण	५००००.००
३.	महिला लक्षित कार्यक्रम	अनुशिक्षण तालिम	१०००००.००

२८ **व्यवसाय कर** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले कुल आन्तरीक आयतर्फ आम्दानी गर्ने लक्ष्य रु.८ लाख तोकी रु.१०८७ हजार व्यवसाय कर असुल गरेको देखिन्छ । आ.व. २०७५।७६ सम्म ५९ वटा

<table>
<tr><td></td><td>व्यवसायी दर्ता र नविकरण गरेको संख्या २७ देखिन्छ ।</td><td></td></tr>
<tr><td>२९</td><td>सवारी कर : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । पालिकाले सवारीहरूको दर्ता एवं नविकरणको दर तोकेको भए पनि यो वर्ष आम्दानी लक्ष्य रु.५० हजार राखे तापनि रु.४,८००।- मात्र आम्दानी गरेको देखियो ।</td><td></td></tr>
<tr><td>३०</td><td>बक्यौता कर : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ बमोजिम पालिकाले कर, शुल्क सङ्कलन गर्ने व्यवस्था छ । यस नगरमा दर्ता भएका व्यवसायलाई व्यवसाय नवीकरणको लागि व्यवसाय कर, घर बहाल कर बुझाउन ताकेता समेत गरेको पाइएन । यस क्षेत्रमा दर्ता ५९ व्यवसायी करदातामध्ये नवीकरण ३२ ले नवीकरण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३१</td><td>कल्याण कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । व्यवस्था स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि यो आर्थिक वर्षमा एकमुष्ठ रु.१८ लाख ५० हजार आन्तरिक खाताबाट कर्मचारी कल्याण खातामा ल्याएको देखियो । योगदानमा आधारित कोष व्यवस्था गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td>कोष व्यवस्थापन : नगरपालिकाले आफ्नो नियमित कार्यलाई व्यवस्थित बनाउन विभिन्न कोषहरू स्थापना खडा गर्ने र कोषमा रकम जम्मा गर्ने तथा खर्च गर्ने सम्बन्धमा सभाबाट कोष व्यवस्थापन कार्यविधी स्वीकृत गरी सञ्चालन गर्नुपर्दछ । पालिकाको बैठकले विपद् व्यवस्थापन कोष, मर्मत सम्भार कोष, कर्मचारी कल्याण कोषहरू खडा गर्ने र कार्यविधी तयार गर्ने निर्णय गरेको भए तापनि कोष सञ्चालन कार्यविधी सभाबाट स्वीकृत गरी कोष खडा गर्ने तथा परिचालन गर्ने प्रक्रिया नियमन गर्न सकेको पाइएन । कार्यविधि तयार गरी आवश्यक कोष खडा गरी रकम जम्मा गर्ने तथा खर्च गर्ने कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td>आन्तरिक आय प्रक्षेपण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिमस्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरीक आय समेतको व्यवस्थापन गनं सक्ने व्यवस्था छ । समितिले आयका क्षेत्र पहिचान गरी आय क्षेत्र विस्तार गर्न सकेको छैन । नगरपालिकाले यो वर्ष सिफारिस मालपोत नक्सापास लगायतको स्रोतबाट रु.२८२५० हजार मात्रको आन्तरिक आय प्रक्षेपणगरेको छ । प्रक्षेपण गरिएकोमध्ये रु.४ करोड १६ लाख ८४ हजार सङ्कलन भएको देखिएको छ ।</td><td></td></tr>
<tr><td>३४</td><td>बजेट भन्दा बढी खर्च : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्वन्धी व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्चगर्ने अख्तीयारी र कार्यविधिको उल्लेख छ । पालिकाले बजेटको सिमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्दछ । निम्नानुसारको खर्च शिर्षकमा विनियोजन तथा निकासाभन्दा बढी खर्च गरेको पाइयो । विनियोजन तथा निकासाभन्दा बढी खर्च गर्दा बजेट अनुशासनको पालना भएको छैन । बजेटको सिमाभित्र रहि खर्च गर्नुपर्ने देखिन्छ । विनियोजनभन्दा बढी खर्च रु.२४०२८६८.०० अनियमित भएको रु. ----
<table>
<tr><th>सि.नं.</th><th>बजेट शिर्षक नंम्वर</th><th>वार्षिक बजेट</th><th>खर्च</th><th>वढी खर्च</th></tr>
<tr><td>१</td><td>सडक बोर्ड नेपाल</td><td>२०९७०००</td><td>२२०८७०७</td><td>१११७०७</td></tr>
<tr><td>२</td><td>जि.स.स.कोष</td><td>७००००००</td><td>९२९११६१</td><td>२२९११६१</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२४०२८६८</td></tr>
</table></td><td>२४०२८६८.००</td></tr>
<tr><td>३५</td><td>खर्चको मापदण्ड : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च गर्ने तरिका सम्बन्धी व्यवस्था छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्चगर्ने अख्तीयारी र कार्यविधिको उल्लेख छ । पालिकाले बजेटको सिमाभित्र रही निर्धारित कार्यमा</td><td></td></tr>
</table>

खर्च गर्नुपर्दछ । पालिकाले वर्षभरीमा खाजा, खाना तथा गाडी इन्धनमा निम्नानुसार खर्च गरेको विवरण पेश भएको छ । खर्च रकम सम्बन्धमा पालिकाले मापदण्ड वनाएको पाईएन । खर्च रकम नियन्त्रण गर्न आवश्यक मापदण्ड बनाई यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	खर्चको विवरण	खर्च रकम	कैफियत
१.	खाजा तथा खाना (विविध)	१०९०३४८	खाजा खाना तथा बैठक तथा सभा खर्च
२.	ईन्धन	१३१७९३२	सवारी साधनहरु

३६ **सामाजिक सुरक्षा भत्ता वितरण :** सामाजिक सुरक्षा अनुदान बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

३६.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक नगरपालिका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न नगरपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका नगरपालिकाले स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।

३७ **अतिरिक्त सुबिधा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानूनबमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानूनबमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा र खाना बापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले कर्मचारीहरू बिहान बेलुकाको समयमा समेत खटिई काम गरेको भनी खाइपाई आएको तलवमा मासिक २० प्रतिशत थप प्रोत्साहन भत्ता करारमा नियुक्त भएका कर्मचारीहरूलाई समेत रु.२१,०९,९०७- भुक्तानी दिएको छ । स्पष्ट आधार एवं कार्यविधि बेगर प्रोत्साहन भत्ता खर्च लेखेको मितव्ययी नभएको रु. --- २१०९९०७.००

३८ **मूल्य अभिवृद्धि कर कट्टी नभएको :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३, को २१ औं संशोधनले ठेक्का सम्झौता वा करार भुक्तानीमा ५० प्रतिशत मू.अ.कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार, आन्तरिक राजस्व विभागको च.न.१२७ मिति २०७६।२।२७ र म.ले.नि.का.को च.नं.४१८ मिति २०७६।२।३० को परीपत्र अनुसार मू.अ.कर ऐन, २०५३ को दफा ६(ग) मा करार वा सम्झौता बमोजिमको वस्तु तथा सेवाको मू.अ.कर भुक्तानीमा ६.५ प्रतिशत मू.अ.कर कट्टी गरी सम्बन्धित कार्यालयको राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार भुक्तानीमा ६.५ प्रतिशत मू.अ.कर कट्टी गरेको पाइएन । उक्त रकम सम्बन्धित करदाताले दाखिला भएको समायोजन पेश हुनुपर्ने रु. --- २८८८९३०.७१

विवरण	भुक्तानी पाउने	गो.भौ.नं.	जम्मा भुक्तानी	६.५% मू.अ.कर
त्रिवेणी फेदी गाउँ (तटबन्ध DPR)	सिग्मा इन्जि.	०५/०७६/२/२०	४९५४४७.५०	२८४९९.२५
	इन्टरफ्रेस इन्जि.	०३०/०७६/२/२०	७४९१९०.००	४३०९५.००
ऋषेश्वर मन्दिर DPR	स्ट्रेन्थ डेभलपर्स प्रा.लि.	२४/०७६/३/२५	४९४९४०.००	२८४७०.००

	स्ट्रेन्थ इन्जि.क.प्रा.लि.		१९९३३२०.००	११४६६०.००
मुलाबारी चौर DPR	इन्टरफेस इन्जि.		१६९८९५५.००	९७७२७.००
थाहा खानेपानी	इग्लो इन्जि.सोलुसन	०६/०७६/३/२५	११९०६६९.००	६८४८९.८५
एटलस निर्माण	जियोमेटिक्स ग्रुप अफ कन्सल्टेन्ट		३९५५००.००	२२७५०.००
देउराली महांकाल सडक	प्रोग्रेसिभ कन्स्ट्रक्सन प्रा.लि.	०९/०७६/३/२५	५१४८१३६.००	२९६१३१.७३
दामागाडे महादेववेसी सडक	न्यू सिद्धार्थ निर्माण सेवा	०५/०७६/३/२५	९७४०१०७.००	५६०२७१.६४
चित्लाङ्ग कापुगाउँ सडक	रासिस निर्माण सेवा	०४/०७६/३/२०	४७१२७५७.२१	२७१०८७.८०
सरस्वती बजार बुढीचौर सडक	प्रोग्रेसिभ कन्स्ट्रक्सन प्रा.लि.	०८/०७६/३/२५	२६७४०५२.००	१५३८१७.१७
कार्यालय भवन तला थप	श्रृजना कन्सट्रक्सन	११/०७६/३/१७	३२३६८३०.००	१८६१८९.३६
वडा कार्यालय भवन	सहयोगी निर्माण सेवा	०३/०७६/३/१२	६८४९४४.००	३९३९९.४६
बसपार्क निर्माण	प्रोग्रेसिभ कन्स्ट्रक्सन प्रा.लि.	०७/०७६/३/२५	४१६१८९.००	२३९४०.८
मझुवा लिप्टिङ खा.पा.योजना	मारुती ट्रेडिङ्ग	३०४/३०५	६६७७६५४.००	७६३७५८.८६
	मिशु ट्रेडिङ्ग	४५२/०७६/३/२३	३३१४२२५१.१२	१९०६४२.७९

३९ **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार वागमती प्रदेश प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले देहायबमोजिम रु.७६,१४,०००।- सुविधा वापत भुक्तानी भएको देखिएको छ :

सि. नं.	विवरण	प्रमुख	उपप्रमुख	वडा अध्यक्ष १२ जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ४१ जना	जम्मा
१	मासिक सुविधा	३५०००	३००००	२५२०००	५६०००	२४६०००	
२	सञ्चार सुविधा (मासिक दरमा)	२०००	१५००	१२०००			
३	बैठक भत्ता (बैठक संख्याको आधारमा)						
४	खाजा भत्ता (मासिक						
५	पुस्तक पत्रपत्रिका (मासिक)						
६	अनुगमन भत्ता (मासिक)						
७	खानेपानी, बिजुली महशुल (मासिक)						
८	सरसफाई, मर्मत (मासिक)						
९	अतिथि सत्कार (मासिक						
१०	यातायात खर्च (मासिक)						
	जम्मा:	३७०००	३१५००	२६४०००	५६०००	२४६०००	६३४५००
	बार्षिक कुल जम्मा:	४४४०००	३७८०००	३१६८०००	६७२०००	२९५२०००	७६१४०००

४० **आन्तरीक आय** : नगरपालिकाले मालपोत कर सेवा शुल्क, घर भाडा, अन्य दस्तुर, नवीकरण दस्तुर गरी राजस्व बाँडफाँड बाहेक रु.४ करोड १६ लाख ८४ हजार आम्दानी गरेको विवरण प्राप्त भएको छ । पालिकाले आफै लिने राजस्व रकम सफ्टवेयर मार्फत आम्दानी बाँध्ने गरेको पाइयो । सफ्टवेयर मार्फत आम्दानी भएको रकमको दैनिक आम्दानी तथा दाखिला विवरण तयार नगरी बैंक दाखिलाका आधारमा आम्दानी बाँधेको तथा वडागत रुपमा प्राप्त हुनुपर्ने बुझाउनु बाँकी रकम नगरपालिकाले अभिलेख राखेको छैन ।

नगरपालिकाले अमानतबाट रु.२,३२,४२,२८१।- नदीजन्य पदार्थको राजस्व सङ्कलन गरेको छ । आ.व. २०७५।७६ नगरपालिकाको रसिद नियन्त्रण खाताको अभिलेखमा निम्नानुसार वडाहरुमा रसिद ठेली गएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म कुनै पनि वडाहरुबाट रसिद फिर्ता दाखिला गरेको देखिएन । नगरपालिकाले २०७५।७६ मा जम्मा

१०९ प्याड छपाई गरेको देखिन्छ । वडाबाट नगद दाखिला गरेको रकम रसिद अनुरुप भए नभएको भिडान गरी आम्दानी जनाउनुपर्ने देखिन्छ ।

वडा नं.	१	२	३	४	५	६	७	८	९	१०	११	१२
रसिद प्याड संख्या	६	२०	२३	६	४	५	१०	४	५	४	६	४

स्वास्थ्यतर्फ

४१ **औषधिको लोगो परीक्षण :** नगरपालिकाले खरीद गरेका औषधिहरूमा **"नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । नगरपालिकाबाट खरीद औषधीहरुमा लोगो परिक्षण गर्दा ३ वटा औषधिमा निःशुल्क वितरणको लोगो नभएको र १ वटामा Supply for MOHP लेखेको पाइयो । जुन स्वीकृत लोगोभन्दा फरक देखिन्छ ।

सि.नं.	औषधिहरूको नाम	म्याद नाघे ननाघेको	निशुल्क वितरण लोगो
१.	Amoxycillin	Nov, 2020	भएको
२.	Paracetamol	March, 2022	भएको
३.	Belaspan Forte	Aug, 2021	नभएको
४.	Ariril Tab	Feb, 2021	नभएको
५.	Zoxan Eye Ointment	June, 2020	नभएको
६.	Moxyrex Kid	May, 2021	In.Supply

४२ **म्याद समाप्त हुने औषधी :** नगरपालिकाले पेश गरेको विवरण अनुसार निम्नानुसारका नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट फिर्ता भई आएका औषधीहरु म्याद समाप्त हुने देखिन्छ । औषधीहरु समयमानै उपयोग गर्ने तर्फ नगरपालिकाले ध्यान दिनुपर्छ ।

क्र.सं.	औषधीको नाम	परिमाण	मूल्य
१.	Inj Oxytocin 5Unit	5	अल्या ०७५।७६ (मूल्य नखुलेको)
२.	Betadine	24	स्वास्थ्य कार्यालय (मूल्य नखुलेको)
३.	Tab HRZ	126 Tab	स्वास्थ्य कार्यालय (मूल्य नखुलेको)
४.	Oin Colrionoxazole	72 Pcs	स्वास्थ्य कार्यालय (मूल्य नखुलेको)
५.	Dishill H_2O 5ml	60 Pcs	स्वास्थ्य कार्यालय (मूल्य नखुलेको)

४३ **निरीक्षण र स्वीकृति -** नगरपालिकाले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक, स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गराउनु पर्दछ । खरीद भएका औषधी तथा सर्जिकल सामानहरू स्टोर दाखिला गर्न पूर्व सम्झौताबमोजिम तोकिएको परिमाण, मूल्य, उत्पादक कम्पनी, उत्पादन मिति, म्याद भुक्तानी, टुटफुट लगायतका विषयमा प्राविधिक जाँच गरी समग्र व्यहोरा खोली निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । निरीक्षण प्रतिवेदनको आधारमा दाखिला विवरण तयार गरी भण्डारण गर्नुपर्ने देखिन्छ ।

शसर्त शिक्षातर्फ

४४ **अभिलेख** : नगरपालिकाले शिक्षक शिक्षिकाहरुको तलव भत्ता निकासा गर्नुपूर्व दरवन्दी, दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । विद्यालयलाई बढी तथा दोहोरो तलव निकासा भएको छैन भनी आश्वस्त हुन सक्ने अवस्था छैन । नगरपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ ।

४४.१ **विद्यालयहरुको लेखापरीक्षण** : नगरपालिका मातहतका कार्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । कार्यालयले विद्यालयको लेखापरीक्षण खर्च बापत २०७५।७६ मा ५५ विद्यालयलाई रु.५ लाख ८५ हजार निकासा भुक्तानी दिएको छ । आ.व.

२०७४।७५ को समेत १ विद्यालयबाट लेखापरीक्षण गराइएको पाइएन । नगरपालिकाले २०७५।७६ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुले लेखापरीक्षण गरे नगरेको अनुगमन गरी समयमै प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४५ **अनुदान रकमको उपयोग :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । नगरपालिकामा नियमानुसारको विद्यालयहरूलाई एकमुष्ठ रुपमा शिक्षालाई छुट्याइएको बजेटमध्ये रु.२,९६,१२,९६३.०० निम्नानुसार विद्यालयलाई अनुदान निकासा दिएको छ । सो अनुदान रकमको विल र खर्च पुष्टी गर्ने आधार संलग्न छैन । अनुदान रकमको अनुगमन एव उपयोग व्यवस्था सम्बन्धमा यकिन हुन सकिएन ।

सि.नं	कार्यक्रम	विद्यालयको नाम	रकम
१.	विद्यालय कर्मचारी अनुदान	विभिन्न ५३ विद्यालय	५३६३७३०
२.	बाल विकास सहयोगी अनुदान		४४०६८००
३.	पोषाक भत्ता		४१५००००
४.	पाठ्य पुस्तक अनुदान		२५०६९८३
५.	छात्रा छात्रवृत्ति अनुदान		१४६९४००
६.	दलित छात्रवृत्ति अनुदान		५९२००
७.	शैक्षिक सामाग्री अनुदान		१८०७८५०
८.	विद्यालय सुधार योजना		१०१५०००
९.	मसलन्द		९६५०००
१०.	उत्कृष्ट सिकाई सुदृढिकरण		४५५००००
११.	प्राविधिक धार (२ विद्यालय)		२७०७०००
१२.	शिक्षण सिकाई प्रोत्साहन		६१२०००
		जम्मा	**२९६१२९६३.००**

४६ बाल विकास सहयोगी अनुदान प्रदेश शिक्षा निर्देशनालयबाट पनि खर्च लेखेकोले दोहोरो भएको यकिन गर्नुपर्ने ४४०६८००

४७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधिको उल्लेख छ । दुर्गादेवी आ.वि.लाई २०७६।३।२८ मा भौतिक निर्माणको लागि रु.३२ लाख निकासा खर्च गरेको देखिन्छ । सो रकमको बैंक रोक्का गरेको छ । रु.३२ लाखको बिल भरपाई, कागजात संलग्न छैन । बिल भरपाई कागजात बेगरको निकासा रु.३२ लाख पेश्की कायम समेत नगरेकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. --- ३२०००००.००

४८ **बढी निकासा (शिक्षा)** : निम्नानुसारका विद्यालयहरुलाई मागभन्दा निकासा बढी देखिएकोले बढी भएको निकासा असुल हुनुपर्ने रु. --- २१२५५.००

विद्यालय	चौमासिक	माग	निकासा	बढी निकासा
सुन्दरीदेवी मा. वि. डाडाबास,आग्रा	तेस्रो	२०३२३९०	२०४२४७०	१००८०
सरस्वती मा. वि., देउखेल आग्रा	दोस्रो	७६६००८	७६८४४९	२४४१
	तेस्रो	९७३०३२	९७५४७१	२४३९
जलदेवी प्रा. वि.,कखुविर्ता,चित्लाङ्ग	प्रथम	४९६१२३	५०२१२३	६०००
झम्केश्वरी मा. वि.,ओखरबजार पालुङ्ग	तेस्रो	१८४३७७२	१८४४०६७	२९५
			जम्मा	**२१२५५**

४९ **निर्माण कार्यको अभिलेख :** निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागि नापी किताबमा अभिलेख राख्नुपर्दछ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने,

सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख गरी व्यवस्थित हुनुपर्दछ ।

५० **उपभोक्ता समिति :** पालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणबाट छनौट गरि परीक्षण गरिएका केहि कार्यको स्थिति निम्न अनुसार रहेको छ । उक्त कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

(क) सार्बजनिक खरीद ऐन, २०६३ दफा (४४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दीगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यबिधि पुरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने तथा सार्वजनिक खरीद नियमावली, २०६४ को निमयम ९७(९) प्राविधिक रुपमा जटिल काम (मेसिन औजार प्रयोग गरी काम गर्नुपर्ने अवस्थाका काम गराउनु हुँदैन भन्ने व्यवस्था रहेको छ । यस कार्यालयले देहायका उल्लेखित विवरण अनुसार उपभोक्ता समितिबाट गराएको काममा हेभी मेशिन प्रयोग गर्नुपर्ने प्राविधिक रुपमा जटिल काम उपभोक्ता समितिसँग गराएको देखिन्छ । प्राविधिक क्षमताले नभ्याउने निर्माण कार्य उपभोक्ता समितिबाट गर्ने गराउने कार्य बन्द गर्नुपर्दछ ।

कूल लागत अनुमान तथा मूल्याङ्कन तथा जनसहभागिताको अवस्थाका केही उदाहरणहरु:

नगरस्तरीय योजना

क. सं	योजनाको नाम	रकम (रू हजारमा)	समझौता मिति	जनसहभागिता	कूल लागत	मूल्यांकन रकम
१	डाँडाबास-सल्ले-मोरिया सडक	४०००	०७५/९/१	९५९०३०/२१	४८३९०३०/२१	४८४२७५०
२	देउराली महांकाल-नागन्झाल-डाँडीघाट सडक	४०००	०७५/८/५	८००२००/४७	४८००२००/४७	४९४९२६८/८७
३	लिति-नागदह-जगडाँडा-आधामारा सडक	४०००	०७५/८/१३	८१२००७/३७	४८१२००७/३७	१६१०७९६/०२
४	केशर डाँडा-कुलगाउँ-पोखरी-कुन्छाल सडक	३५००	०७५/९/११	७०१५३१/७६	४२०१५३१/७६	१३२५४६९/८४
५	भुङ्दाल-बाहुनगाउँ सडक	३५००	०७५/८/२	७२०१५७/०६	४२२०१५७/०६	१२०१४५५/५२
६	दामन-पिङडाँडा-भट्टी भन्ज्याङ बागेश्वरी प्रा.वि. दुर्गा प्रावि सडक	३५००	०७५/८/६	७७९७९१/७८	४२७९७९१/७८	३५,८७,३९७९२
७	सरस्वती बजार-बगर-बुढिचौर सडक	३५००	०७५/८/१४	७१८७२७/७३	४२१८७२७/७३	४२९३७८९/२०
८	चित्लाङ-ताकातार-खर्क-कपुगाउँ-बज्रमाठ-इन्द्रसरोवर सडक	३५००	०७५/९/१६	७०९०३७/४१	४२०१५७९/५४	४५९५९४७/२१
९	कलाँटु सडक	३५००	०७५/८/१९	७०७३३४/३५	४२०८१४०/७३	३४२८७४०/११
१०	थाहा बसपार्क	३०००	०७५/९/२१	६४३०१५/५८	३६४३०१५/५८	३६५४२८१/३९
११	शीतभण्डार संरक्षण	३०००	०७५/१०/२९	५७५२०३/२६	३५७५२०३/२६	३५८७५१०
१२	चौकी-किटेनी-रुप्से सडक	२५८३	०७५/९/१६	८०९२४५/५२	४२०५८६६०४	३०६९८२४१३
१३	दामगाडे-महादेवबेशी सडक	२०००	०७५/८/२५	४०९६७०/७६	२४०९६७०/७६	२४१६७८६/८२

वडास्तरीय योजना

क.सं	योजनाको नाम	रकम (रू हजारमा)	समझौता मिति	जनसहभागिता	कूल लागत	मूल्यांकन रकम
१	शिखरकोट कृष्ण मन्दिर ढल निर्माण तथा सडक स्ल्याब ढलान	१५००	०७५/९/२०	२८३०२०/४१	१७८३०२०/४१	१७८३०२०/४१
२	महांकाल लिखु नागछेडा ग्रामिण सडक	१५००	०७५/८/५	१२२६२२/५७	७२२६२२/५७	७२७९५३/३५
३	ढोकचा तसर दुर्गा प्रा.वि. वडा कार्यालय सडक	१३००	०७५/८/१३	२६४८८३/६२	१५६४८८३/६२	१५७२०६२/३०
४	किटिनी चौर पाखुरे सडक विस्तार	१३००	०७४/८/२५	२६४८८३/६२	१५६४८८३/६२	१५७६१८६/८८
५	महांकाल लिखु नागछेडा ग्रामिण सडक	१२००	०७५/८/२७	२४४३४४/७०	१४४४३४४/७०	२२८२१५३/५५
६	फुलपातचौर महादेवस्थान सडक ढलान	१०००	०७५/११/२७	२०२८१७/१४	१२०००१४/३६	१२०३६१५/३१
७	धुलेडाँडा पोखरी चिसापानी सडक	१०००	०७५/८/२७	२००४३५/८५	१२००४३५/८५	१२२२४३०/९४
८	डाँडाबास बतासे लप्सीखोला	१०००	०७५/८/२८	२०२६१८/४३	१२०२६१८/४३	१२०४६७०/६७

	महादेवखर्क सडक					
९	ठूलो चौरबाट लामिडाडा हुँदै कृषि सेवा केन्द्र जोड्ने ग्रामिण कृषि सडक	१०००	०७५/९/५	२००२०६/५२	१२००३९९/६१	८९०८५१/२६
१०	मनकामना पर्यटकीय सडक	१०००	०७५/८/५	२०८७६७/९२	१२०८७६७/९२	१२५८५२०/१७
११	ठाडे तलाउ भाङखोरिया ग्रामिण सडक	१०००	०७५/७/३०	२००६६८/९८	१२००६६८/९८	१२४८८०९/२०
१२	जगडाँडा काम्राङ ग्रामिण सडक	१०००	०७५/७/२८	२११२६८/७८	१२११२६८/७८	१२६५१९२/३७
१३	दोभान घलेगाउँ ग्रामिण सडक	१०००	०७५/८/१६	२०९६५४/२०	१२००३८८/८४	१२३६६०१/५५
१४	तारुका लिती आधामारा सडक	१०००	०७५/८/१४	२१५४८६/००	१२१५४८६/००	१७८४८९३/२३

(ख) सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति मार्फत काम गराउदा उपभोक्ता समिति वा लाभग्राहि समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने र उपदफा (१२) मा निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस आ.व.मा १७६ काम उपभोक्ता समिति मार्फत गराएको देखिएको छ । काम सम्पन्न भएको स्थितिमा, नियमानुसार सम्पन्न योजनाहरू उपभोक्तालाई हस्तान्तरण गरेको र मर्मत सम्भारका लागि कुनै कोष खडा गरेको देखिएन ।

५०.१ **अग्रिम कर कट्टी :** नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउने गरेकोमा उपभोक्ता समिति दर्ता गर्ने, उपभोक्ता समितिले आर्थिक कारोबारको हिसाब किताब राखी लेखापरीक्षण गराउने र प्रतिवेदन पेश गर्ने, उपभोक्ताबाट कार्य गराउने सम्बन्धमा कार्यविधि लागु भएको देखिएन । उपभोक्ता समितिले खर्चको बिल भरपाई नगरपालिकामा नै बुझाउने गरेकोले पेश भएका बिल भरपाईहरुमा आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार सामाजिक सुरक्षा कर १ प्रतिशत ५० हजारभन्दा बढीको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर र भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टी गरी दाखिला गर्नु पर्नेमा यो बर्ष कुनै पनि उपभोक्ताहरुको भुक्तानीमा कर कट्टी गरेको पाइएन ।

५०.२ **लागत अनुमान :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) बमोजिम लागत अनुमान तयार गर्दाको समयमा सम्बन्धित प्राविधिकको सिफारिसमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको अवस्थामा बाहेक उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने व्यवस्था रहेको छ । कार्यालयले उपभोक्ता समिति मार्फत गराएको अधिकांश निर्माण कार्यको लागत अनुमानमा प्राविधिक पुष्ट्याई समावेश नगरी हेभि मेशिन प्रयोग गरेको अवस्था छ । मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिका निर्माण कार्यहरुमा सम्बन्धित प्राविधिकको पुष्ट्याई लागत अनुमानमा समावेश गराई मेशिन सञ्चालनको दररेट स्वीकृत गराएर मात्र उपभोक्ता समितिमार्फत हुने निर्माण कार्य गर्नुपर्ने देखिन्छ ।

५१ **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(७) सँग सम्वन्धित अनुसूची-१ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ । नगरपालिकाले २०७५।७६ सञ्चालित योजनाको छुट्टै कन्टेन्जेन्सी हिसाब राखेको पाइएन ।

नगरपालिकाले कन्टेन्जेन्सी बापत ३ प्रतिशत रकम बजेटका आधार कट्टा गरी भुक्तानी गर्ने गरेको छ । कन्टेन्जेन्सी बापत कट्टी रकम छुट्टै खातामा अभिलेख राखी तोकिएको कार्यमा खर्च गर्नुपर्नेमा सम्बन्धित खातामानै खर्च लेख्ने गरेको र के कति खर्च भयो अभिलेख पेश नभएकोले भिडान हुने आधार देखिएन । कन्टेन्जेन्सी बापतको खर्च

<table>
<tr><td></td><td>अभिलेख राखी तोकिएको सीमाभित्र सम्बन्धित कार्यमा मात्र खर्च गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td>सल्लाहकार खर्च : स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७५ मा अध्यक्ष वा अन्य कुनै पदाधिकारीले स्वकिय सचिव वा सल्लाहकार राखी सो वापत सुविधा लिन पाउने व्यवस्था गरेको छैन । नगरपालिका निम्नानुसार पदाधिकारी राखी सोवापत तलब खर्च लेखेको देखिएको रु. ----
<table>
<tr><th>विवरण</th><th>मासिक सुविधा</th><th>कूल भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>राजनीतिक सल्लाहकार</td><td>२००००.००</td><td>२४००००.००</td><td rowspan="2">१२ महिनाको पारिश्रमिक</td></tr>
<tr><td>कानुनी सल्लाहकार</td><td>८०००.००</td><td>९६०००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३३६०००.००</td><td></td></tr>
</table></td><td>३३६०००.००</td></tr>
<tr><td>५३</td><td>हेभी इक्वीप्मेन्ट आम्दानी : नगरपालिकाले रोलर डोजर प्रयोग बापत सञ्चालन भएको मिटरको आधारमा तोकिएबमोजिम रकम असुल गरिनुपर्दछ । नगरपालिकाले हेभी इक्वीप्मेन्ट सञ्चालन समिति गठन गरेको देखिन्छ । हेभी इक्वीप्मेन्ट प्रयोगको लगबुकको आधारमा रकम असुल गरेको पाइएन । हेभी इक्वीप्मेन्ट कोषको आम्दानी खर्चको छुट्टै अभिलेख राखी आर्थिक विवरण तयार गर्नुपर्नेमा खर्च तर्फको बैंक नगदी किताब राखेको भए पनि गत बर्षको जिम्मेवारी यो बर्षको आम्दानी खर्च र बाँकी खुल्ने गरी गोश्वारा भौचर उठाउने बैंक नगदी किताबमा अभिलेख राख्ने नगरेकोले एकिन आय व्यय विवरणमा देखाएको आम्दानी खर्च र बाँकी भिडान हुन सक्ने देखिएन । आम्दानीतर्फ छुट्टै बैंक खाता रहेको र खर्च तर्फको मात्र स्रेस्ता राखी रु.२४,४३,५३८।- (पारिश्रमिक मर्मत इन्धन) खर्च भएको बैंक नगदी किताब तयार गरेको छ ।

गत बर्षको जिम्मेवारी यस बर्षको आम्दानी खर्च र बाँकी खुल्ने गरी सबै कारोबारको बैंक नगदी किताबमा अभिलेख अद्यावधिक गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३.१</td><td>निम्नानुसार समितिबाट इक्वीप्मेन्ट प्रयोग बापत कट्टा गर्नुपर्नेमा रकम भुक्तानी गर्दा कट्टी नगरेकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी कोषमा दाखिला गर्नुपर्ने रु. --
<table>
<tr><th>क्र.सं.</th><th>समितिको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>डाडाबास सल्ले मेरिया सडक उपभोक्ता समिति</td><td>३७९४८.००</td></tr>
<tr><td>२</td><td>देउराली महांकाल नाग झाल डाडीघाट सडक उ.स.</td><td>३८४०४.००</td></tr>
</table></td><td>७६३५२.००</td></tr>
<tr><td>५४</td><td>भरपाईबाट भुक्तानी : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १९ अनुसार सार्वजनिक निकायले २० हजारभन्दा बढी रकमको खरीद गर्नु पर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले भुक्तानी गरेका उपभोक्ताहरुको बिल अधिकांश योजनामा भरपाईबाट भुक्तानी भएको देखिन्छ । मूल्य अभिवृद्धि कर लाग्ने बस्तु समेत भरपाइबाट भुक्तानी हुँदा कर संकलन तथा कारोबार पारदर्शी हुने देखिएन । यस्तो भुक्तानीमा नियन्त्रण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५५</td><td>शहरी स्वास्थ्य केन्द्र भवन निर्माण : शहरी स्वास्थ्य केन्द्र भवन निर्माण बापत रु.१५ लाख बजेट स्वीकृत भएकोमा रु.१५,५५,३८०।८१ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिसँग २०७६।१।१६ मा सम्झौता भएको देखिन्छ । उक्त भवनको कूल लागत अनुमान र यस बर्ष गरिने कामको विवरण अनुसार लागत अनुमान तयार गरेको पाइएन । रु.११,८८,६९१।१५ को मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । यसरी बजेटको आधारमा लागत अनुमान र कार्यसम्पन्न देखाएकोले भवनको वास्तविक स्थिति स्पष्ट हुने देखिएन । उपभोक्ता समितिले पेश गरेको फोटोमा झ्याल ढोका चौकोस राखेको छ भन्ने लागत अनुमानमा सो छैन त्यस्तै लागत अनुमानमा उल्लेख भएको १५.५९ घ.मी. पि.सी.सी. नभएको देखिन्छ । अधुरो कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको र लागत यकिन नगरेकोले कार्यमा दोहोरोपना हुन सक्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५६</td><td>शित भण्डार निर्माण : भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र थाहा नगरपालिका बीच २०७५ चैत्र १२ गते शीत भण्डार निर्माण कार्यको द्विपक्षीय करार सम्झौता २०७५</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>गरेको छ । सम्झौता अनुसार ७० प्रतिशत रकम मन्त्रालयले र ३० प्रतिशत थाहा नगरपालिकाले व्यहोर्ने उल्लेख छ । सम्झौता अनुसार थाहा नगरपालिकाले DPR तयार गरी २०७५।४।२५ मा बोलपत्र सम्बन्धी कारबाहीको प्रकृया अघि बढाई सकेको देखिन आएकोले उक्त बोलपत्र कागजातको स्वामित्व शित भण्डार निर्माण तथा सञ्चालन कार्यविधि मन्त्रालयले स्वीकार गर्ने उल्लेख छ । शित भण्डार निर्माण कार्यको रु.१४,३९,२५,६६६।२४ को लागत अनुमान स्वीकृत भई विद्युतीय बोलपत्र आव्हान भएकोमा घटी कबुल गर्ने बिकोइ/सिंह एण्ड ब्रदर्श/किरातेश्वर जे.भी.सँग रु.११,४७,६२,७९४।६९ (१७.३९ प्रतिशत घटी) को कबोल अङ्क स्वीकृत भई २०७५।६।१ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् :

(क) निर्माण व्यवसायी र नगरपालिकाबीच २०७५।६।१ मा भएको सम्झौता अनुसार २०७७ भाद्र मसान्तभित्र कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ। यो बर्ष रनिङ्ग बिल पेश भएको छैन ।

(ख) सम्झौता अनुसार कार्यतालिका अनुगमन गरी तोकिएको समयमा कार्यसम्पन्न गर्न र भुक्तानी व्यवस्था मिलाउन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त हुनुपर्ने ७० प्रतिशत रकम समयमा नै प्राप्त भएको देखिएन ।</td><td></td></tr>
<tr><td>५७</td><td>म्याद थप : नगरपालिका कार्यालय तला थप गर्ने कार्यको बोलपत्रबाट घटी कबुल गर्ने श्रृजना कन्ट्रक्सनको ९०७५४९८।०० को बोलपत्र स्वीकृत भई २०७५ जेष्ठ २२ मा सम्झौता भएकोमा २०७५ कार्तिक ३० मा सम्पन्न गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :</td><td></td></tr>
<tr><td>५७.१</td><td>निर्माण व्यवसायीले म्याद थपको निवेदन पेश गरेको शुरु सम्झौतामा नै दिएको म्याद नपुग्ने निर्माण व्यवसायीको प्रस्ताव आएको र विविध कारणले कार्य सम्पन्न हुन नसकेको भनी कार्यपालिकाको २०७५।८।२ को निर्णयले २०७६ फागुन मसान्तसम्म म्याद थप गरेको देखिन्छ । सार्वजनिक खरीद नियमावलीको नियम १०(३) बमोजिम लागत अनुमान तयार गर्दा प्राविधिक हिसाबले लाग्ने समय किटान गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>५७.२</td><td>जनरल आइटम वीमा ल्याब टेष्ट र एज विल्ट ड्रइङ्ग बापत निम्नानुसार भुक्तानी भएको देखिन्छ । वीमा गरेको प्रमाण र ल्याब टेष्ट रिर्पोट भए पनि बास्तविक लागतको आधारमा भुक्तानी भएको पाइएन । लमसम रकम राखी भुक्तानी भएको साथै एज विल्ट नक्सा पेश नगरेको रु. ---
<table><tr><th>विवरण</th><th>इकाई</th><th>भुक्तानी रकम</th><th>पेश भएको बिल</th></tr><tr><td>बिमा</td><td>LS</td><td>५२०००</td><td>२९२४३.००</td></tr><tr><td>ल्याब टेष्ट</td><td>LS</td><td>४००००</td><td>०.००</td></tr><tr><td>एन विल्ट</td><td>IJob</td><td>५००००</td><td>०.००</td></tr></table></td><td>५००००.००</td></tr>
<tr><td>५७.३</td><td>Carpeting Works in all Room all Complete as per instruction २०० वर्गमिटरको प्रति व.मी. रु.९००।- का दरले रु.१,८०,१९८।- भुक्तानी गरेको देखिन्छ । लेखापरीक्षणको सिलसिलामा कार्यालयको कोठामा लिनोनियम कार्पेट हालेको देखिन्छ भने भऱ्याङ्ग स्टील रोलिङ्ग लगायतको फोहोर सफा गरी दुरुस्त राखेको देखिएन । स्पेशिफिकेशन अनुरुप कार्पेटिङ्ग गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८</td><td>अनुगमन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(ख) मा काम, कर्तव्य र अधिकार तोकिएको छ । १६ख(५) अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ। उप प्रमुखको संयोजकत्वमा अनुगमन समिति बनाई योजना अनुगमन गर्ने गरेको देखिन्छ । अनुगमनको प्रतिवेदन कार्यपालिका बैठकमा पेश भएको देखिएन । कार्यालयले उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्ने रकममध्ये १० प्रतिशत रकम अनुगमन पश्चात मात्र भुक्तानी गर्ने गरेको देखिन्छ। कार्यालयबाट प्राप्त विवरण अनुसार २०७५।७६ को क्रमागत योजना १०४ वटाको ७ करोड ७७ लाख ५८ हजार भुक्तानी गर्न बाँकी रहेको देखिन्छ । योजना अनुगमन कार्यसम्पन्न</td><td></td></tr>
</table>

	नभई भुक्तानी बाँकी रहेको पाइयो । कार्यतालिका बनाई आर्थिक बर्ष भित्रै अनुगमन गरी योजना फरफारक गरिनुपर्दछ ।	
५९	**कार्यक्रम प्रस्ताव र लागत अनुमान स्वीकृति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) अनुसार सरकारी निकायबाट कुनै तालिम सेमिनार, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्नुपर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने र कार्यक्रम सम्पन्न भएपश्चात् खर्चको विवरण सहितको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयबाट सञ्चालित तालिम गोष्ठी लगायतको विभिन्न भुक्तानीमा कार्यक्रम तथा लागत अनुमान स्वीकृत गर्ने र प्रतिवेदन तयार पार्ने कार्य आंशिक मात्र भएको देखिएकोले यसमा सुधार हुनुपर्दछ । उदाहरणको लागि वित्तीय समानीकरण तर्फको निम्नानुसारको भुक्तानी उल्लेख गरिएको छ : गो.भौ.नं.र मिति / कर्यक्रम / भुक्तानी रकम ३१२/०७६/३/२४ / दलित लक्षित कार्यक्रम सोनिया सुनार / ५००००.०० ३२३/०७६/३/२४ / युवा अभियान नेपाल लक्षित वर्ग कार्यक्रम / ३९५०००.०० ३०२/०७६/३/२४ / बासको मुडा बनाउने तालिम / १३६८००.००	
६०	गो.भौ.नं. ३०५-०७६।३।२४ वस्तुगत अध्ययन भ्रमण इलाम २०७६।३।१४-१६ सम्मको गाडी भाडा बापत रु.३०,०००।- कन्टेन्जेन्सी बापत खर्च लेखेकोमा भाडा भुक्तानीमा १० प्रतिशत कर कट्टा गरेको पाइएन । भाडा बापतको रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला हुनुपर्ने रु. ---	३०००.००
६१	**बैठक भत्ता :** मकवानपुर जिल्ला थाहा नगरपालिका क्षेत्रको विभिन्न खोलाको प्रारम्भिक वातावरणीय प्रभाव परीक्षण (IEE) को लागि २०७५ पौष २८-फागुन ४ सम्म विभिन्न जिल्ला स्तरीय प्रारम्भिक वातावरणीय पुनरावलोकन तथा सिफारिस समितिको बैठकमाा सहभागी भए बापतको भत्ता भनी कपिल प्रसाद उपाध्याय लगायत १२ जनाको २ देखि ६ बैठकको रु.८४,०००।- मा कर कट्टा गरी रु.७१,४००।- खर्च लेखेकोमा बैठकमा उपस्थित भएको प्रमाण र वितरण भरपाई संलग्न नभएकोले उपस्थिति र भरपाई बेगरको खर्च असुल गर्नुपर्ने रु. ---	७१४००.००
६२	वित्तीय समानीकरण पूँजीगतबाट यो बर्ष लक्षित कार्यक्रम अन्तर्गत विभिन्न चालू प्रकृतिका खर्चहरु गरेको देखिन्छ । त्यस्तै पालुङ बहुमुखी क्याम्पसलाई तलब अनुदान समेत पूँजीगत खर्चबाट दिएको देखिन्छ । चालु प्रकृतिको खर्चलाई पूँजीगत कार्यक्रममा समावेश गर्नु बजेट सिद्धान्त अनुरुप देखिएन । पालुङ बहुमुखी क्याम्पसलाई यो बर्ष वित्तीय समानिकरण पूँजीगतबाट रु.१५ लाख अनुदान दिएको देखिन्छ । क्याम्पसले २०७५।९।१० मा पेश गरेको खर्चको विवरण अनुसार गत वर्षको जेठ आषाढको तलब दायित्व रु.४,३३,१९८।१६ र अतिरिक्त कक्षा सञ्चालन (ओ.टी.) बापत रु.२,१२,२०६।- खर्च गरेको देखिन्छ । अनुदान रकमबाट ओ.टी. खर्च लेखेको असुल गर्नुपर्ने रु. ---	२१२२०६.००
६३	**प्रतिस्पर्धा :** दामगाडे भ्नोरिया महादेववेशी सडकको लागि विद्युतीय बोलपत्र आव्हान गरेकोमा २ बोलपत्र फिर्ता लिएको र १ बोलपत्र संशोधन गरी दाखिला भएको देखिन्छ । सिद्धार्थ निर्माण सेवाको रु.९७,४०,७५९।४७ कबोल अङ्क लागत अनुमानभन्दा ०.००६३ प्रतशित घटी कबोल गरेको बोलपत्र स्वीकृत भएको छ । मिलेमतोको आशंका भएमा बोलपत्र रद्द गर्न सक्ने भए पनि प्रतिस्पर्धा सीमित भएको बोलपत्र स्वीकृत गरेको देखिन्छ ।	
६४	भुङदल बाहुनडाँडा दम्की सडकको रु.९७,४१,३७७।१७ को लागत अनुमान स्वीकृत गरी विद्युतीय बोलपत्र आव्हान गरेकोमा २ वटा बोलपत्र परेको देखिन्छ । प्रथम घटीवालाको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरेकोमा दोस्रो घटीवालाले दावी गरेकोमा सार्वजनिक खरीद अनुगमन कार्यालयलाई राय उपलब्ध गराउन २०७६।३।९ मा पत्र लेखेको देखिन्छ । सार्वजनिक खरीद अनुगमन कार्यालयबाट राय आउन ढिला हुने भनी दोस्रो घटीवालाको बोलपत्र २०७६।३।१७ मा स्वीकृत गरेको देखिन्छ । पहिलोले बैंक अफ काठमाण्डुको जमानत पेश गरेकोमा नगद धरौटी रु.२,५०,०००।- जफत गरी प्रथम	२४३७६९.८७

	घटीवालाभन्दा रु.४,९३,७६९।८० को बोलपत्र स्वीकृत गरेको देखिन्छ । बोलपत्र मूल्याङ्कनबाट रीतपूर्वकको ठहर गरेको बोलपत्र राय समेत प्राप्त नभएको अवस्थामा ठेक्का सम्झौता नभएबाट रु.२,४३,७६९।८७ (धरौटी जफत बाहेक) बढी व्यय भार परेको देखिएको रु. ---	
६४.१	**धरौटी बापतको जफत रकम** : सञ्चित कोष दाखिला गर्नुपर्नेमा धरौटी खातामा जम्मा गरेको र पछि फिर्ता हुन सक्ने देखिएकोले सञ्चित कोष दाखिला प्रमाण पेश गर्नुपर्ने रु. --	२५००००.००
६५	**कार्य सम्पन्न नभएको :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(३) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्राविधिक दृष्टिकोणले कार्यसम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नुपर्ने उल्लेख छ । कार्यालयले लागत अनुमानमा काम गर्न लाग्ने समयावधि उल्लेख गरेको छैन । ठेक्का सम्झौता गर्दा राखेको समय अवधिभित्र अधिकांश ठेक्काको कार्यसम्पन्न भएको पाइएन । ठेक्का सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीबाट सार्वजनिक खरीद नियमवली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति सहित कार्यसम्पन्न गरिनुपर्दछ । केही उदाहरणहरु :	

ठेक्का विवरण	सम्झौता मिति	रकम	सम्पन्न गर्नुपर्ने मिति	आषाढ मसान्त सम्मको भुक्तानी
रासिस विल्डर्स ०९।०७५।०७६	२०७६/१/३१	७८९६६७९.५८	०७६/३/२८	४७१२७५७.००
प्रोगेसिभ कन्ट्रक्सन १५।०७५।०७६	२०७६/१/३१	१४४३६५७३/९४	०७६/३/२८	०.००
प्रोगेसिभ कन्ट्रक्सन १०।०७५।७६	२०७६/१/३१	३४१५७७८.५८	०७६/३/२८	४१६१८९.१७
प्रोगेसिभ कन्ट्रक्सन १२।०७५।७६	२०७६/१/३१	१०१२५९१०.७९	०७६/३/२८	२६४००५२.००
प्रोगेसिभ कन्ट्रक्सन ११।०७५।७६	२०७६/१/३१	२४४१०४४.८१	०७६/३/२८	०.००
न्यू सिद्धार्थ निर्माण सेवा ८।०७५।०७६	२०७६/१/३१	१३४९४०७.४९	०७६/३/२८	०.००
प्रोगेसिभ कन्ट्रक्सन १४।०७५।७६	२०७६/१/३१	७२८७६६१.०८	०७६/३/२८	५१४८१३६.००
शिशु ट्रेडिंग १६।०७५।०७६	२०७६/३/२	५०८१९५८.०३	०७६/३/३०	२८७५३४२.७७

६६	**पर्यटन शुल्क :** नगरपालिकाले २०७५।७६ मा लागु गर्ने करका दरहरु अनुसूची-११ मा पर्यटन शुल्क बापत होटल रिसोर्ट र होमस्टे आदिमा प्रतिग्राहकले खर्च गरेको रकमको ५ प्रतिशत पर्यटन शुल्क लिने उल्लेख छ । कार्यालयले यो बर्ष पर्यटन शुल्क बापत आम्दानी गरेको देखिएन । तोकिएबमोजिम पर्यटन शुल्क उठे/नउठेको अनुगमन गरेको पाइएन ।	
६७	प्रदेश सशर्त अनुदानबाट निम्नानुसार कार्य परामर्शदाताबाट गराई खर्च लेखेको देखिन्छ । सार्वजनिक खरीद नियमावली बमोजिम पेशागत दायित्व वीमा गरेको प्रमाण पेश नभएको, प्रतिवेदन प्रस्तुतीकरण गर्ने छलफल गरेको प्रमाण पेश नगरेको र परामर्शदाताबाट प्राप्त प्रतिवेदन क्षेत्रगत शर्त (TOR) अनुसार भए नभएको यकिन गरी स्वीकृत गरेको र Institutional Memory को लागि जिन्सीमा आम्दानी नगरेको रु. ---	६५९२९२२.००

परामर्शदाता	विवरण	रकम	कैफियत
सिग्मा इन्जि.कन्सल्टेन्सी प्रा.लि.	त्रिवेणी फेदीगाउँ तटबन्ध र लिंक रोड डिपिआर	४९५४४८.००	
इन्टरफेस इन्जि.प्रा.लि.	इन्दायणी चौर सतिखोलामा आरसीसी ब्रिज डिजाइन	७४९१९०.००	
स्ट्रेन्थ डेभलपर्स	ऋषेश्व क्षेत्रको डिपिआर	४९४९४०.००	
स्ट्रेन्थ इन्जि.कं.प्रा.लि.	चन्द्रागिरी सिम भन्ज्याङ साइकल र फुट ट्रेल डिपिआर	१९९३३२०.००	७६किमी ९० करोड ८३ लागत

<table>
<tr><td></td><td><table>
<tr><td>इन्टरफेस इन्जि.प्रा.लि.</td><td>मुलाबारी पार्क</td><td>१६९८९५५.००</td><td>२६करोड ६९ लाख लागत</td></tr>
<tr><td>इग्लो इन्जि.</td><td>थाहा खानेपानी आयोजना डिपिआर १,२,३,४ वडा</td><td>११९०६६९.००</td><td>फर्मले छाप लगाई प्रमाणित नगरेको</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>चन्द्रागिरी सिम भन्ज्याङ साइकल र फुट ट्रेल को लागि रु.९० करोड ८३ लाख लागत अनुमान उल्लेख गरी डिपिआर तयार गरेर रु.१९,९३,३२०।- खर्च गरेको छ । उक्त आयोजना सञ्चालनको सम्भाव्यता र सञ्चालन ग्रायता विश्लेषण बेगर नै डिपिआरमा गरेको खर्च औचित्यपूर्ण नदेखिएको ।</td><td></td></tr>
<tr><td>६८</td><td>एटलस निर्माण : एटलस निर्माण कार्यको लागत अनुमान रु.३,९८,६३०।- स्वीकृत गरी जियोमेटिक्स ग्रुप अफ कन्सल्टेन्ट्सलाई रु.३,९५,५००।- भुक्तानी गरेको देखिन्छ । उक्त कार्यको सम्झौता २०७६।२।२९ मा भई १५ दिनभित्र कार्यसम्पन्न गर्नुपर्ने गरी कार्यदिशा भएको देखिन्छ । लागत अनुमानमा ३ महिना लाग्ने उल्लेख भएको काम १५ दिनमा सम्पन्न गरी भुक्तानी भएको साथै प्रतिवेदन क्षेत्रगत शर्तहरु अनुरुप भए नभएको यकिन गरी संस्थागत स्मरणको लागि जिन्सी आम्दानी गरेको नदेखिएकोले रु. --</td><td>३९५५००.००</td></tr>
<tr><td>६९</td><td>फिल्ड निरीक्षण : गो.भौ.नं. २१-०७६।३।२५ दामगाडे महादेववेसी सडक निर्माणको रु.६०,०२,४६५।४५ लागत अनुमान स्वीकृत भई उपभोक्ता समितिसँग २०७५।१२।१५ मा सम्झौता भई कार्य गराएको देखिन्छ । कूल मूल्याङ्कन रु.५९,८२,९४५।७६ भई रु.४९,२५,०००।- भुक्तानी गरेको सम्बन्धमा फिल्ड निरीक्षण समेत गर्दा देखिएका व्यहोरा निम्न अनुसार छन् :
१. इष्टिमेट अनुसार रोलर ६९.७ घण्टा प्रयोग हुने देखिएकोमा कार्यालयको रोलर १ दिन प्रयोग गरेको रु.१२,०००।- मात्र असुल भएको छ ।
२. पानी छर्ने कार्यको लागि रु.४७,५२०।- भुक्तानी हुने गरी लागत अनुमान तयार भएको तर पानी ट्यांकर प्रयोग भएको देखिएन ।
३. उपभोक्ताले पेश गरेका ग्राभेल खरीद भरपाई मात्र संलग्न गरेको र इजाजत बेगर ग्राभेल सङ्कलन बिक्री वितरण भएको देखिएको यसबाट नगरपालिकाको राजस्व समेत प्रभावित हुने देखिएको ।
उपरोक्त अनुसार रोलर र पानी ट्यांकी बापत भुक्तानी क्रमशः रु.२८,८००।- र रु.४७,५२०।- प्रयोग नै नभएकोले सम्बन्धितबाट असुल गरिनुपर्ने रु. ---</td><td>७६३२०.००</td></tr>
<tr><td>७०</td><td>दामन भ्यू टावर मर्मत सम्भार बापत विशाल विल्डर्सलाई रु.३,८९,४५८।- भुक्तानी गरेको देखिन्छ । विशाल विल्डर्सले पेश गरेको कर बीजक अनुसार रु.३,४४,७०६।५० मात्र रहेको र मू.अ.कर बापतको रकम थप भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रु.४४,७५१।५० असुल गर्नुपर्ने रु. ---</td><td>४४७५१.५०</td></tr>
<tr><td></td><td>चालुतर्फ</td><td></td></tr>
<tr><td>७१</td><td>गो.भौं.नं. ४९।०७५।६।२६ : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधिको उल्लेख छ । नगरपालिकाले निम्नानुसारको पदपूर्ति समितिको बैठक खर्च रु.१,९६,०००।- निम्नानुसारको आमन्त्रित गरेको देखिन्छ । खर्च मितव्ययीता अवलम्बन गर्नुपर्दछ ।<table>
<tr><th>समिति संख्या</th><th>आमन्त्रित संख्या (जना)</th><th>बैठक संख्या</th><th>खर्च रकम (करपछिको)</th><th>कैफियत</th></tr>
<tr><td>३</td><td>१३</td><td>५९</td><td>५०१५०</td><td>स्वा.चौ.का.स. पदपूर्ति</td></tr>
<tr><td>३</td><td>१४</td><td>५१</td><td>४३३५०</td><td>आर्किटेक्ट ई.पदपूर्ति</td></tr>
<tr><td>३</td><td>९</td><td>४०</td><td>३४०००</td><td>सब ईन्जि.पदपूर्ति</td></tr>
<tr><td>३</td><td>१०</td><td>४६</td><td>३९१००</td><td>कम्प्युटर शिक्षक पदपूर्ति</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२</td><td>संस्कृति प्रवर्द्धन : गो.भौ.नं.२-०७६।३।२६ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा</td><td>१०००००.००</td></tr>
</table>

	७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधिको उल्लेख छ । नगरपालिकाले यस कार्यक्रम पूर्वाधार निर्माण शीर्षकमा प्राप्त रकम रु.२० लाखमध्ये रु.१० लाख रुपचन्द्र संस्कृति प्रतिष्ठान कोष स्थापनाको लागि खर्च लेखेको छ । कार्यपालिकाको २०७६।३।२६ को निर्णयानुसार एकमुष्ठ रुपमा कोष स्थापनाको लागि भनी भुक्तानी दिएको छ । पूर्वाधार निर्माण खर्च शीर्षकमा प्राप्त भएको रकम अक्षय कोष स्थापनाको लागि भुक्तानी खर्च लेखेको र सो कोष स्थापना र संचालित कार्यविधि बेगर खर्च लेखेको रु. ---	
७३	**प्रधानमन्त्री स्वोरोजगार कार्यक्रम :** कामका लाग पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ मा आयोजनाको छनौट गर्दा सकेसम्म स्थानीय तहको वार्षिक वजेट तथा कार्यक्रममा उल्लेख भएका आयोजनाको सुचिबाट अन्यथा आवश्यकता र प्राथमिकताका आधारमा छनौट गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले वडाको सिफारिस अनुसार आयोजनाको छनौट गरेको छ । अतः कार्यालयले कार्यविधिले उल्लेख गरेको आयोजनाका क्षेत्रमा सन्तुलित रुपले छनौट गरी कार्यसञ्चालन गर्नुपर्ने देखिन्छ । यस आ.व.मा रु.२५,५९,५७८।- बजेट खर्चमा पार्क बनाउने, पर्यटन र स्वास्थ्य, निर्माण जस्तो कार्य गरेकोमा सो कार्यको प्रभावकारीता सम्बन्धमा अनुगमन तथा प्रतिवेदन संलग्न गरको पाइएन । अतः कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यको अनुगमन गर्ने, गराउने र औजार खरीद गरेका रु.९,०१,८४०।- को अवस्था यकिन गरी सम्पत्तीको संरक्षण गर्ने व्यवस्था समेत मिलाउनुपर्दछ ।	
७४	**ब.शी.नं.३६५१५८३ :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधिको उल्लेख छ । यस कार्यक्रममा रु.३,०५,०००।- निकासा गरी रु.३,०५,०००।- खर्च लेखेको यछ । सेवा तथा परामर्श खर्च (२२४११) मा प्राप्त नगरपालिकाले छुट्टै लेखा स्रेस्ता नराखी एकमुष्ठ रुपमा सञ्चित कोषबाट नै खर्च लेखेको छ । सो खर्च रकम परामर्श सेवा खर्च शीर्षकबाट नभई तलब खर्च शीर्षकबाट नै खर्च लेखेको छ । फरक शीर्षकबाट खर्च लेखेको रु.३,०५,०००।- नियमसम्मत् नदेखिएको रु. --	३०५०००.००
७५	थाहा स्मृति पार्क (ठेक्का नं. १५।०७५।७६) को विद्युतीय बोलपत्र मार्फत घटी कबुल गर्ने प्रोगेसिभ कन्ट्रक्सनको कबोल अङ्क रु.४४,३६,५७३।९४ (२५.९० घटी) को बोलपत्र स्वीकृत भई २०७६।१।३१ मा ६० दिनभित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन् : (क) कृषि विकास बैंक अग्रिम भुक्तानी जमानी नं.०९५।१६४।६१०७।१९ रु.२५,००,०००।- को जमानतको आधारमा रु.२५,००,०००।- सम्मा मोविलाईजेशन पेश्की दिन सकिनेमा रु.२५,५५,१४४।- पेश्की दिएको देखिन्छ । उक्त जमानत पत्रको म्याद २०७६ श्रावण ३१ (Aug 16, 2019) सम्म मात्र भएकोमा लेखापरीक्षण अवधि २०७६।१०।२५ सम्म पनि पेश्की फछ्र्यौट नभएको र बैंक जमानतको म्याद थप समेत गरेको देखिएन । बैंक जमानतभन्दा रु.५५,१४४।- बढी पेश्की दिएको र म्याद समाप्त भइसकेको लामो अवधिसम्म पनि पेश्की फछ्र्यौट नभएकोले यसमा सम्बन्धितलाई जिम्मेवार बनाई अविलम्ब पेश्की असुल फछ्र्यौट हुनुपर्ने रु. --- (ख) सम्झौता अनुसार उक्त कार्य २०७६।३।२८ भित्र सम्पन्न गर्नुपर्नेमा यो बर्ष रनिङ बिलसम्म पनि भुक्तानी भएको छैन । सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्वनिर्धारित क्षतिपूर्ति समेत असुल गरी कार्यसम्पन्न गरिनुपर्दछ ।	२५५५१४४.००
७६	निम्नानुसार ठेक्का सम्झौतामा प्रोग्रेसिभ कन्स्ट्रक्सन प्रा.लि.लाई मोबिलाइनजेशन भुक्तानी गरेकोमा अग्रिम भुक्तानी बैंक जमानत रकमभन्दा घटी बढी हुनेगरी मोबिलाइजेशन पेश्की दिएको देखिन्छ । मोबिलाईजेशन पेश्की बापतको जमानत पत्रको म्याद नाघी सकेको अवस्थामा समेत पेश्की फछ्र्यौट भएमो देखिएन । यसमा सम्बन्धितलाई जिम्मेवार बनाई अविलम्ब पेश्की फछ्र्यौट गर्नुपर्ने रु. ---	३०८२०००.००

कार्यक्रम	कृषि विकास बैंक जमानत	म्याद	जमानत रकम	भुक्तानी
देउराली महांकल सडक ४।०७५।७६	०९५/१६३/६१०/६१०७/१९	12 Aug, 2019	१२०००००	१५४१०००७
सरस्वती बजार बुढीचौर१२।०७५।७६	०९५/१६२/६१०/६१०७/१९	12 Aug, 2019	१८००००	१५४१०००

उपरोक्त अनुसार बैंक जमानतभन्दा रु.८२,०००।- बढी पेश्की दिएको र जमानतको म्याद २०७६।४।३१ मा समाप्त भई सकेको लेखापरीक्षण अवधिसम्म पेश्की बाँकी नै रहेकोले जमानतको म्याद थप गरी अविलम्ब पेश्की फछ्र्यौट गरिनुपर्दछ ।

धरौटी

७७ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा खर्च सम्बन्धी व्यवस्था छ । नगरपालिकाले निम्नानुसारको धरौटी फिर्ता दिएकोमा सोको मूल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न रहेको पाइएन । धरौटी फिर्ता गर्दा धरौटी कारोबार बर्षको चुक्ता प्रमाण पत्र र मुल्य अभिवृद्धि कर समायोजन गरेको आन्तरिक राजस्व कार्यालयबाट यकिन गरेर मात्र फिर्ता गर्ने अर्थ मन्त्रालय राजस्व महाशाखाको च.नं.३६९, मिति २०६९।६।१७ को परीपत्र समेत भएकोले मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण बेगर धरौटी फिर्ता खर्च नियमित नदेखिएको रु. --- २३२४०५५.००

गो.भौ.नं./मिति	भुक्तानी पाउने	रकम	कैफियत
२/०७५/५/११	गौरी पार्वती निर्माण सेवा	४२५६५४.००	कर चुक्ता, मु.अ.कर समायोजन र निवेदन समेत नभएको
३/०७५/५/२२	सेती गणेश निर्माण सेवा	१३७९५३.००	मु.अ.कर समायोजना नभएको
४/०७५/५/३१	आर.आर.एग्रो एण्ड जनरल सप्लायर्स	१७८१८३.००	कर चुक्ता मु.अ.कर समायोजन नभएको
६/०७५/६/२२	म्याप इन्टेरप्रेनर्स प्रा.लि. (३०४२३५७१५)	३९७५००.००	कर चुक्ता मु.अ.कर समायोजन नभएको
७/०७५/६/२३	सृजना कन्टक्सन प्रा.लि. (३००१३९१७२)	१४५२८४.०	कर चुक्ता मु.अ.कर समायोजन नभएको
७/०७५/६/२३	कार्की निर्माण सेवा प्रा.लि. (३००१३८३७५)	१५७८५१.००	कर चुक्ता मु.अ.कर समायोजन नभएको
८/०७५/६/२४	न्यू सिद्धार्थ निर्माण सेवा (३०१४९४३५७)	२०९३५६.००	कर चुक्ता मु.अ.कर समायोजन नभएको
९/०७५/६/२५	विश्वास निर्माण सेवा (३०४६४८३५९)	३७९८९२.००	कर चुक्ता मु.अ.कर समायोजन नभएको
१०/०७५/११/२२	वि एण्ड पि निर्माण सेवा (६०४२०४८८६)	२३०३४५	कर चुक्ता मु.अ.कर समायोजन नभएको
१३/०७६/१/१०	न्यू मनकामना फर्निचर उद्योग	४००००.००	कर चुक्ता मु.अ.कर समायोजन नभएको
१४/०७६/३/२४	कुँवर कन्स्ट्क्सन (३००००७५१८)	२२०३७.००	कर चुक्ता मु.अ.कर समायोजन नभएको
	जम्मा:	२३२४०५५.००	

७८ गत बर्षको जिम्मेवारी रु.४३,९३,३१५।- मा यस बर्षको आम्दानी रु.२२,१६,६६४।- समेत जम्मा रु.६६,०९,९७९।- बाँकी देखिन्छ । सो बाँकीमध्ये गत विगत बर्षको नामनामेसी नखुलेको रु.९,४२,०६९।- नियमानुसार सदरस्याहा गर्नुपर्दछ ।

७९ **सशर्त अनुदान उर्जा :** नगरपालिका र प्राथमिक आँखा अस्पताल भवन निर्माण तथा विकास समितिबीच २०७६।२।२९ मा कूल योजना लागत रु.१३,५३,०००।- मा १२ वटा पोल सडक बत्ती जडान गर्नका लागि नगरपालिकाबाट रु.१२,३०,०००।- भुक्तानी हुने गरी २०७६।२।२९ मा सम्झौता भएको पाइयो । उक्त सम्झौताको बूँदा नं.२ मा नगरपालिका कार्यालयबाट योजनाको अनुगमन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट सो योजनाको अनुगमन तथा

	प्रतिवेदन गरिएको पाइएन । सञ्चालित योजनाको अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र पृष्ठपोषण समेत गरिनुपर्दछ ।	
८०	**पेश्की :** वागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा पेश्की दिईएको रकम तोकिएको म्यादभित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरीको कर्तव्य हुने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यसम्म फछ्यौंट नभई बाँकी रहेको नियमानुसार असुल फछ्यौंट गर्नुपर्ने रु. ---	७७८५००.००

क.सं.	प्रकार	पेश्की लिनेको नाम	पेश्की रकम
१	चालु	शक्ति कुमार रायमाझी	२५००००.००
२	पूँजीगत	राजेश के.सी.	२५००००.००
३	पूँजीगत	दीपेन्द्र कुमार थिङ	३००००.००
४	पूँजीगत	अनिल लामिछाने	२४८५००.००
		जम्मा	**७७८५००.००**

	आन्तरिक लेखापरिक्षणबाट औल्याएका बेरुजू कायम	
८१	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षणबाट निस्किएका बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले देहायबमोजिम आन्तरिक लेखापरीक्षणमा समावेश भएका वेरुजुहरु अन्तिम लेखापरिक्षणसम्म असुल फछ्र्यौट गरेको देखिएन । उक्त बेरुजू लेखापरीक्षणको क्रममा यकिन गरी निम्नानुसार कायम गरिएको छ ।	
	चालुतर्फ	
८१.१	**गो.भौ.नं. ५।०७५।६।२४ :** सार्वजनिक सुनुवाईको कार्यक्रम कुमार नेगीबाट सम्झौता गरी सञ्चालन गरेकोमा रु.७५,०००।- भुक्तानीको प्रतिवेदन संलग्न गरेको तर बिल भरपाई नभएको खाजा नास्ताको बिल संलग्न नरहेको रु. ---	७५०००.००
८१.२	**गो.भौ.नं. १७।२०७५।११।२६ :** गाडी रु.१८,०००।- भाडामा लिएको १० प्रतिशत भाडा कर कट्टी नगरेको रु. ---	१८००.००
८१.३	गो.भौं.नं.३।०७५।५।११ विभिन्न भुक्तानी रु.५०,०००।- भुक्तानी भएकोमा अग्रिम आयकर रु. ६६३।- कट्टी गरी राजस्व दाखिला गर्नुपर्नेमा सो नगरिएको रू	६६३.००
८१.४	गो.भौ.न १६५/०७५/११/२९ वैठक भत्ताको नाउँमा रु. ५३५५०.०० भुक्तानी भएको तर वैठकको माइन्यूट तथा निर्णयको कागज संलग्न नभएको रू	५३५५०.००
८१.५	गो.भौ.न २४४/०७६/३/८ निवेदनको आधारमा मात्र रु.७५०००.०० भुक्तानी भएको तर सो लाई पुष्टि गर्ने विल भरपाइ केही संलग्न नभएको । वडा नं. ८ का सचिव चक्रबहादुर ठगुन्नाको भुक्तानीको बिल भरपाई नभएको रू	७५००.००
८१.६	पारिश्रमिक कर रु.१२००।०० र बहाल कर रु.१५०।०० कट्टी गरी दाखिला नभएको रू	१३५०.०
८१.७	रु.५८१,३१९।००को K.C.P. Construction Tistung को सक्कल कर वीजक नरहेको रू	५८१३१९.००
८१.८	मर्मतको विल भुक्तानीमा अग्रिम आयकर ३४८४।०० कट्टी नगरेको रू	३४८४.००
८१.९	सुरज भुजेलको भुक्तानिमा कर कट्टि समेत नगरेको हुँदा रु. १२३५०० को १.५% को दरले कर दाखिला समेत हुनुपर्ने रू	१८५२.००

८२	**सम्परीक्षण :** प्रदेश आर्थिक कार्याविधि ऐन, २०७४ को दफा ३५(२) मा कार्यालयले बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध गर्नुपर्ने व्यवस्था छ । कार्यालयको गत विगतको बेरुजूमध्ये लेखापरीक्षणको क्रममा बेरुजूसँग सम्बन्धित प्रमाण कागजातहरू सलग्न राखी बेरुजू फछ्र्यौट गरी सम्परीक्षण लागि अनुरोध भई आएको प्रमाण कागजात परीक्षण गर्दा व्यहोरा मनासीब देखिएकोले २०७६।११।३ को प्रारम्भिक प्रतिवेदनको संलग्न अनुसूची-१ बमोजिम रु.१,४९,५२,७७९।- बेरुजू फछ्र्यौट गरिएको छ ।	
८३	**सम्परीक्षणबाट बेरुजू कायम :** आ.व. २०७३।०७४ को बेरुजू दफा नं.३२ को पेश्की फछ्र्यौट रु.७,९६,६५०।- मा इन्द्रायणी सडक साइड ड्रेन निर्माण बापत जय शम्भु निर्माण कन्स्ट्रक्सन उद्योग, गोलढुङ्गा, काठमाण्डौंलाई बढी भुक्तानी भएको रु.३६,३६०।९० असुल हुनुपर्ने रु. ---	३६३६०.९०
८४	नगरपालिकाको प्रतिकृया साथ नगरसभाबाट नियमति भएकोमा बेरुजू दफा नं. २३.१, ४०, ५६, ६१.२, ७८ को रु.१,१९,०२,८१९।- को सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएकोले हाललाई यथावत राख्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।	

अनुसूची-१

थाहा नगरपालिका, मकवानपुरको सञ्चित कोष विवरण
२०७५।७६

प्रदेश: बागमती

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	थाहा नगरपालिका	मकवानपुर	५५६०४	१२९९७८	२०९५४१	३३३५१९	६७३०३८	३१६२२३	२६५५५८	१६६५९	५९८४४०	१३०२०२

अनुसूची– २

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि. नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	मकवानपुर	थाहा न.पा.	६६	३८	६३६२७	३	२	२०१८०	६३	३६	४३४४७	७९४	१६५८०	१९६५७	०	०	३६२३७	७७८	५६३८	६४१६

अनुसूची - ३

अद्यावधिक वेरुजू स्थिति

(रु. हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	गत बर्ष सम्मको बाकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.वाट कायम भएको वेरुजू	यो वर्षको वेरुजू	कुल बाँकी वेरुजू
१	थाहा नगरपालिका	मकवानपुर	१५५६५	१४९५२	६१३	३६	४३४४७	४४०६०